चुलाचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
# पशु सेवा शाखा चुलाचुली, ईलाम

प.सं.:- ०८१/०८२
च.नं.:-

कोशी प्रदेश,नेपाल ।

मिति : २०८२।०२।०५

## सूचना ! सूचना !! सूचना !!!

बिगत बर्षबाट बेला बेलामा नेपालको विभिन्न ठाउँहरुमा देखिदै आइरहेको बंगुरमा लाग्ने अफ्रिकन स्वाइन फिवर रोग केहि दिन अगाडी चुलाचुली गाउँपालिका वडा नं.१ स्थित केहि बंगुरपालन फार्महरुमा देखिएको हुनाले यस रोगबाट आफ्ना बंगुरहरुलाई बचाउन बंगुरपालक कृषकहरुमा बिषेश अनुरोध ।

**अफ्रिकन स्वाइन फिवर (ASF) के हो ?**

Asfarviridae परिवार भाइरसबाट सुँगुर/बंगुरहरुमा लाग्ने शत प्रतिशत मृत्यु गराउन सक्ने अफ्रिकन स्वाइन फिवर हो । यो रोगले सुँगुर/बंगुरहरुमा रक्तस्राव गराउने भएकोले रोग लागेका फार्मका सम्पूर्ण बंगुरहरु मर्ने गर्छ ।

**यो रोग कसरी सर्दछ ?**

- हावाबाट,किरा भुसुना तथा किर्नाको टोकाइबाट र रोग लागेको पशुको लसपस भएका वस्तुबाट यो रोग सजिलै सर्न सक्छ । यो रोग लागेको सुँगुर/बंगुरबाट जन्मिएका पाठापाठीमा समेत यो रोग सर्ने गर्छ ।

**यो रोगका लक्षणहरु :**

- अत्याधिक ज्वरो आउने, छाला तथा कानको टुप्पामा रगतका धब्बाहरु देखा पर्ने,बंगुरले खान छोडने, कम्जोरी भई लडखडाउने,ब्याउने बंगुरले तुहाउने र अन्त्यमा सम्पूर्ण बंगुरको मृत्यु हुने ।

**उपचार विधि :**

- यो रोगको हालसम्म कुनै पनि खास उपचार तथा भ्याक्सिन नभएकोले बंगुरको शत प्रतिशत मृत्यु हुने हुन्छ तर यो रोग जुनोटिक भने होइन अर्थात मानिसमा भने यो रोगले कुनै असर गर्दैन ।

**रोकथाम :**

- सुँगुर/बंगुरपालन गर्दा खोरमा थुनेर पाल्ने ।
- सुँगुर/बंगुरको खोरमा अनावश्यक मानिसको आवतजावत रोक्ने ।
- सुँगुर/बंगुरपालन फार्ममा जैविक सुरक्षा विधि अवलम्बन गर्ने ।
- बाहिरको बथानबाट नयाँ सुँगुर/बंगुर ल्याएमा सिधै फार्ममा रहेका सुँगुर/बंगुरसँग नमिसाई २१ दिन अलग्गै राख्ने र रोग नदेखिए पछि मात्र बथानमा मिसाउने ।
- सुँगुर/बंगुर खोर/फर्म र फार्म वरिपरि नियमित सरसफाई गरी चुना, फिनाइल,फर्मालिन,ब्लिचिङ पाउडर आदिले नि:संक्रमण गर्ने ।
- रोग लागेको सुँगुर/बंगुरलाई बथानबाट छुट्इाएर राख्ने ।
- शंकास्पद सुँगुर/बंगुरको नमूना संकलन गरी प्रयोगशालामा परिक्षण गराउने ।
- मरेको सुँगुर/बंगुरलाई गहिरो खाडलमा पुरी चुना छर्कने ।
- घरपालुवा सुँगुर/बंगुरलाई जंगली बँदेलको सम्पर्कमा आउन नदिने ।
- सुँगुर/बंगुरलाई होटल रेष्टुरेन्टबाट निस्कने फोहर खाने कुरा खुवाउने गरेको भए तत्काल बन्द गर्ने ।

महेशकुमार राई
शाखा प्रमुख
पशु सेवा शाखा